# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या ९, मिति २०८२ पौष २९ गते


**भाग-२**

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन, व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुले पोषण, खोप, सुरक्षित मातृत्व, परिवार नियोजन, क्षयरोग कार्यक्रमका साथै कुष्ठरोग, औलो, यौनरोग तथा एच.आई.भि. एड्स नियन्त्रण कार्यक्रम जस्ता जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रममा स्थानिय, प्रदेश र राष्ट्रिय लक्ष्य अनुसार प्रगति हासिल गर्ने कार्यमा सहयोग पुर्याउदै मातृ मृत्युदर, नवजात तथा शिशु मृत्युदर, बाल मृत्युदरमा कमी आएको र समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धी गर्न, स्वस्थ निरोगी समुदाय निर्माणमा टेवा पुर्याउन महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई परिचालनमा उत्प्रेरित गरी परिचालन, व्यवस्थापन र थप आर्थिक सुविधाको व्यवस्था गर्न आवश्यक देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तिनाउ गाउँ कार्यपालिकाबाट "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन, व्यवस्थापन र थप सुविधा सम्बन्धी कार्यविधि, २०८२" तयार गरिएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन, व्यवस्थापन र थप सुविधा सम्बन्धी कार्यविधि, २०८२" हुनेछ।

ख) यो कार्यविधि स्विकृत भएपछि यस आर्थिक वर्षको सुरुदेखि भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) कार्यविधि भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन, व्यवस्थापन र थप सुविधा सम्बन्धी कार्यविधि, २०८२" लाई सम्झनु पर्दछ।

ख) "महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविका" भन्नाले राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनिति २०७६ पहिलो संसोधन २०७६ २.३.२ (क) मा उल्लेख भए अनुसार तथा तिनाउ गाउँपालिकाले आवश्यकता अनुसार थप गरी छनौट प्रकृया पुरा गरेका (स्वास्थ्य आमा समुहको बैठकले छनौट गरेको) महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकालाई सम्झनुपर्दछ।

ग) "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिकालाई सम्झनुपर्नेछ।

घ) "आमा समुह": भन्नाले स्वयमंसेविका आवद्ध रहेको स्वास्थ्य आमा समुहलाई जनाउनेछ।

ङ) "थप आर्थिक सुविधा" भन्नाले तिनाउ गाउँपालिकाले थप गरेको आर्थिक सुविधालाई बुझाउनेछ।

च) "सेवा" भन्नाले तिनाउ गाउँपालिका, स्वास्थ्य संस्थाले खटाएको वा अभियान वा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम रणनिति २०७६ पहिलो संसोधन बमोजिमको स्वयंसेवाको कार्यलाई सम्झनुपर्दछ।

**३. उद्देश्यः**

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सेवामा उत्प्रेरणा जगाउने।

ख) गाउँपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविका परिचालन गरी निर्धारीत लक्ष्य समयमै हासिल गर्ने।

## परिच्छेद -२

## स्वास्थ्य आमा समुह गठन, स्वयंसेविका छनौट, कार्य विवरण, स्वयमंसेविका पद रिक्त हुने अवस्था सम्बन्धी व्यवस्था

**४. स्वास्थ्य आमा समुह गठनः**

स्वास्थ्य आमा समुह गठन तथा छनौट गर्न देहायका आधारहरु निर्धारण गरिएको छ।

क) स्वास्थ्य आमा समुह गठनका लागी एउटै टोलमा कम्तीमा १८ जना (किशोरी, विवाहित महिला, गर्भवति, बच्चाका आमा, सासु तथा ज्येष्ठ महिलाहरु समेत) आवद्ध भएको समुह हुनुपर्नेछ।

ख) पहिले देखिनै गठन भई सञ्चालनमा रहेका आमा समुहहरुलाई नियम ४ (क) अनुरुप हुने गरी पुनर्गठन गर्न, नाम परिवर्तन गर्न तथा स्वास्थ्य आमा समुह मान्न सकिनेछ।

ग) स्वास्थ्य आमा समुहको सञ्चालन समिति भेलाको निर्णय अनुसार हुनेछ तर सदस्य सचिवको रुपमा काम महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाले गर्नुपर्नेछ।

**५. महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाको छनौटः**

महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाको छनौटमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविका कार्यक्रम रणनिति २०७६ र गाउँपालिकाको देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ।

क) महिला स्वास्थ्य स्वयमंसेविकाको रुपमा कार्य गर्ने महिला सम्वन्धित वडा र टोलमा स्थायीरुपमा बसोबास गर्ने र स्वास्थ्य आमा समुहको सदस्य रहेको हुनुपर्नेछ।

ख) कम्तीमा ०५ वर्ष स्वयमंसेवकको रुपमा सेवा गर्न इच्छुक रहेको प्रतिवद्धता गरेको हुनुपर्नेछ।

ग) विवाहित महिलाको हकमा उमेर कम्तीमा २६ वर्ष पुरा गरी ४० वर्ष ननाघेको तथा अविवाहित महिलाको हकमा उमेर ४० देखि ४५ वर्ष भित्रको भएको हुनुपर्नेछ।

ङ) कम्तिमा १० पास वा एस.एल.सी वा एस ई ई उर्तिण  गरेको हुनुपर्ने।

च) कुनै राजनितिक दलमा आबद्धता नरहेको, राजनितिमा नलागेको, लाभको पदमा नरहेको हुनुपर्नेछ।

छ) फौजदारी अभियोगमा कसुरदार नभएको, मानसिक सन्तुलन ठिक भएको, परिवारको मञ्जुरी लिएको, अस्थायी रुपमा अन्य स्थानमा बसोबास नगर्ने हुनुपर्नेछ।

ज) तोकिएको ढाचामा निवेदन दिई सम्बन्धित आमा समुहबाट छनौट भई स्वास्थ्य संस्था र वडाको सिफारिस भएको हुनुपर्नेछ।

**६. स्वयंसेविकाको काम, कर्तव्य र जिम्मेवारीः**

क) तोकिएको कार्यक्षेत्र भित्रका सम्पूर्ण घरधुरी, उमेर समुहको जनसंख्या, प्रजनन उमेरका महिलाहरुको संख्या लगायत सम्पूर्ण जनसंख्याको लगत विवरण राख्नुपर्ने तथा नियमित अद्यावधिक गरेको हुनुपर्नेछ।

ख) सम्बन्धित स्वास्थ्य संस्था, वडा र गाउँपालिकाको मातहतमा रही सेवा दिनुपर्नेछ।

ग) नेपाल सरकारले तोकेको सम्पूर्ण स्वास्थ्य सम्बन्धी क्रियाकलापमा सहभागी भई सेवा गर्नुपर्नेछ।

घ) खोप क्लिनिक, पोषण क्लिनिक, गाउँघर क्लिनिक, स्थानिय अभियान तथा राष्ट्रिय अभियानहरुमा सहभागी भई सहयोग गर्नुपर्नेछ।

ङ) प्रत्येक महिनाको सुरुमै आफूले गरेका क्रियाकलापहरुको मासिक प्रगति प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्थामा निर्धारित प्रतिवेदनको ढाचामा पेश गर्नुपर्नेछ।

च) नेपाल सरकारको स्थानिय स्तरमा प्रदान गर्ने स्वास्थ्य सेवाहरु (गर्भवतिहरु तथा विद्यालय बाहिरका किशोरीहरुलाई आईरन चक्की वितरण, बालभिटा, कण्डम र पिल्स चक्कीको वितरण, ५ वर्ष मुनिका बालबालिकाहरु लगायतलाई स्वास्थ्य परामर्श तथा प्रेषण) लाई निरन्तर रुपमा प्रवाह गर्नुपर्नेछ।

छ) स्वयंसेविकाहरुलाई पायक पर्ने गाउँ, टोल र आवश्यकता अनुसार खटाउदा बाधा पर्ने छैन।

ज) गाउँपालिकाले घरधुरी, जनसंख्या, भौगोलिक क्षेत्र आदिको आधारमा आवश्यकता अनुसार स्वयंसेविकाहरुको संख्या र कार्यक्षेत्र तोक्न सक्नेछ।

झ) स्वयंसेविकाले पालना गर्ने आचार संहिता अनुसुचि-०१ बमोजिम हुनेछ।

**७. स्वयंसेविका बिदाई सम्बन्धी व्यवस्थाः**

क) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको कार्य अवधि उमेर हद ६० वर्ष हुनेछ। यदि कसैले ६० वर्षको उमेर पछि पनि स्वयंमसेवा गर्न चाहेमा कुनै पनि किसिमको सेवा सुविधाहरु प्रदान गरिनेछैन।

ख) दफा ५ अनुसार छनौट भई कार्यरत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको देहायको अवस्थामा विदाई हुनेछ।

- स्वयंसेविकाले सेवा छोड्ने ईच्छा जाहेर गरी स्वास्थ्य आमा समुह समक्ष राजिनामा दिएमा।
- ६० वर्ष उमेर पुरा भएमा।
- प्रत्येक २ वर्षमा आमा समुहबाट पुनः छनौट नभएमा।

- राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संस्थामा वैतनिक पदमा नियुक्ति वा मनोनयन भएमा।
- तोकिएको भौगोलिक क्षेत्रको घर ठेगानामा रही ८०% भन्दा कम अवधि बसोबास गरेको अवस्था रहेमा।

**८. पद रिक्त हुने अवस्थाः**

क) स्वयंसेविकाको सेवा देहायका आधारमा पद रिक्त भएको मानिनेछ।

१. स्वयंसेविकाको भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा।

२. नेपाल सरकारले गैर कानुनी मानेको कार्यमा संलग्न, फौजदारी अभियोग, भ्ष्ट्राचार, अनुशासनको उल्ङ्घन तथा नैतिक पतन देखिने कार्य गरेमा,

३. जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ति लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा।

४. मानसिक सन्तुलन गुमाएमा वा शारीरिक अशक्तताका कारण असमर्थ भएमा,

५. बसाईसराई गरी अर्को स्थानमा गएमा,

६. स्वयंसेविकाले गर्ने कामकाजको सेवा सन्तोषजनक नभएको ठहरी आमा समुहको निर्णय र सिफारिस भई आएमा।

७. स्वयंसेविकाको भुमिका निर्वाह गर्न अनिच्छुक भई राजिनामा दिएमा।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सुचना लगातार ३ महिनासम्म स्वास्थ्य आमा समुहको बैठक नराखेमा (अनुपस्थित भएमा) वा मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ।

## परिच्छेद — ३
## सेवा सुविधा सम्बन्धी व्यवस्था

**९. सेवा तथा थप सुविधाः**

क. मासिक रुपमा सञ्चालन हुने खोप क्लिनिक, गाउँघर क्लिनिक तथा अन्य स्वास्थ्य संस्थाका क्रियाकलाप, स्वास्थ्य आमा समुहको बैठकमा सहभागी हुन, स्वास्थ्य संस्थामा मासिक रुपमा सञ्चालन हुने बैठकमा उपस्थित भई छलफल तथा प्रतिवेदन कार्यमा सहभागी हुने जस्ता कार्य गर्नका लागि मासिक रुपमा संघिय सरकारले प्रदान गर्ने यातायात सुविधाको अलावा गाउँपालिकाबाट यातायात र संचार सेवाको लागि एकमुष्ट १००० (एक हजार) रुपैया थप प्रदान गरिनेछ। मासिक बैठकमा सहभागी नभएको अवस्थामा यो सुविधा मासिक रु ५०० मात्र प्रदान गरिनेछ।

ख.न्युनतम सेवा अवधि १०(दश) वर्ष पुरा भएका महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाको सेवा अवधिमा असमायिक निधन भएमा तिनाउ गाउँपालिकाबाट एकमुष्ट एकपटकका लागि रु १००००० (एक लाख) आर्थिक सहयोग प्रदान गरिनेछ।

ग. महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाको सेवाको क्रममा असमायिक (दुर्घटना) निधन भएमा तिनाउ गाउँपालिकाबाट एकमुष्ट एकपटक रु २००००० (दुई लाख) आर्थिक सहयोग प्रदान गरिनेछ।

घ. महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाले ३० बर्ष भन्दा बढि सेवा वा ६० बर्षको उमेर सम्म सेवा गरी उमेर हदका कारणले अवकाश पाएमा गाउँपालिकाबाट रु १,००,००० (एक लाख), कम्तिमा २० वर्ष भन्दा बढी सेवा अवधि पश्चात अवकाश लिएमा रु ५०,००० (पचास हजार), १५ देखि २० वर्ष सम्म सेवा पश्चात अवकाश लिएमा रु ३०,००० (तीस हजार) गाउँपालिकाबाट उपलब्ध गराईनेछ।

ङ. महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाको सेवाको सिलसिलामा अशक्तअपाङ्ग (क श्रेणी) भएमा जम्मा रु १००००० (एक लाख) तथा अशक्तअपाङ्ग (ख श्रेणी) भएमा जम्मा रु ८०००० (असी हजार) एकमुष्ठ एकपटकको लागि आर्थिक सहायता तिनाउ गाउँपालिकाबाट प्रदान गरिनेछ।

च. थप आर्थिक सुविधा लिदा माथि जुनसुकै कुरा उल्लेख गरेको भएता पनि एउटा मात्र सुविधा लिन पाईने छ।

छ.मासिक रुपमा स्वास्थ्य संस्थामा सञ्चालन हुने बैठक, गाउँघर क्लिनिक, खोप क्लिनिकमा सहभागी साथै विशेष कार्यक्रममा थप खटाउदा दैनिक रु १०० (सय) सम्मको प्रति व्यक्ति प्रतिदिन खाजा उपलब्ध गराउन सकिनेछ।

ज.स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन तथा राष्ट्रिय स्तरका अभियानहरुमा गाउँपालिकाको स्वीकृती लिई कुनै संघ संस्थाले स्वयंसेविकाहरुलाई प्रोत्साहित गर्न तथा काममा लगाउन सक्नेछ।

झ.स्वयंसेविकाले कुनै पनि किसिमको मासिक पारिश्रमिक तलब तथा अन्य सुविधा दाबि गर्न पाउने छैन।

ञ.दफा ८ को उपदफा (क) को नियम १,२,३,४,५,६ र उपदफा (ख) बमोजिम सेवा मुक्त/रद्द भएको अवस्थामा कुनै प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन।

## परिच्छेद — ४
## विविध

**१०. कोष निर्माणः** दफा ९ मा उल्लेखित थप सुविधा उपलब्ध गराउनका लागि तिनाउ गाउँपालिकामा एउटा कोष खडा गरिनेछ। सो को लागि गाउँसभाबाट आवश्यक रकम विनियोजन गरिनेछ।

**११. थपघट, हेरफेर तथा अन्य छुट विषयः**

यस कार्यविधिमा उल्लेख नभएका वा समावेश नभएका विषयको सम्वन्धमा गाउँपालिको आवश्यकता, प्राथमिकता एवं सन्दर्भ समेतलाई मध्य नजर गरी तिनाउ गाउँपालिकाले थपघट, हेरफेर तथा संसोधन गर्न सक्नेछ साथै अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१२. बाधा अड्काउ फुकाउः**

यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा आईपरेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**१३. संशोधन, बचाउ तथा खारेजीः**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानिय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

ख) यस कार्यविधिका बुदाहरुलाई आवश्यक संशोधन तथा खारेजी गर्ने अधिकार तिनाउ गाउँकार्यपालिकामा मात्र निहित हुनेछ।

## अनुसुचि — १

### दफा ६ को उपदफा (झ) सँग सम्वन्धित

**महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले पालना गर्नुपर्ने आचारसंहिता तथा प्रतिवद्धता**

क) स्वयंमसेवि भावले समुदायको स्वास्थ्य अधिकार र पहुँचलाई मुलमन्त्र मानी नैतिकता, ईमान्दारिता र उच्च मनोबलका साथ कार्य गर्नेछु।

ख) आफ्नो सिप र ज्ञानको उपर्युक्त रुपमा सदुपयोग गरी विभिन्न स्वास्थ्यसँग सम्बन्धित कार्यक्रममा संलग्न भई समुदायमा स्वास्थ्य सेवाको प्रबर्द्धन गर्नेछु।

ग) आफु सम्बद्ध स्वास्थ्य आमा समुह प्रति ईमान्दारी, जवाफदेहि तथा प्रतिबद्ध भई पूर्ण रुपमा कार्य गर्नेछु।

घ) स्वयंसेवकको भावना र मर्मलाई कार्यगत रुपमा उतारी समुदायको स्वास्थ्य र भलाईको प्रवर्द्धन गर्नेछु।

ङ) सिकेका ज्ञान र सिपको समूचित प्रयोग गरी जनसमुदायलाई स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिकबाट स्वास्थ्य सेवा लिन उत्प्रेरित गर्ने तथा स्वास्थ्य प्रवर्द्धन गर्न लगाउनेछु।

च) समुदायसँगको व्यवहारमा सधै विनम्र रुपमा सहयोगी हुनेछ।

छ) सेवाग्राहीको गोपनियता कायम राख्नेछु।

ज) आर्जित ज्ञान र सीपलाई सही सदुपयोग गरी आमा र शिशुको स्वास्थ्य प्रवर्द्धनमा आफ्नो हृदयदेखि नै लाग्नेछु।

झ) स्वास्थ्य आमा समहुलाई सशक्तीकरण गर्न तथा स्वास्थ्य सेवा सुदृढ गर्न यथासक्य कोसिस गर्नेछु।

ञ) महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाले पालना गर्नुपर्ने निति, नियम तथा स्थानिय तह

र अन्तर्गत संचालित कार्यक्रमहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्नेछु।

ट) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कोषको भावना र मर्म अनुसार यसको दिगोपन र प्रयोगमा सहभागी हुनेछु।

ठ) समुदाय तथा व्यक्तिको मान्यता र संस्कृतिलाई कदर गरी पक्षपातरहित सेवा दिनेछु।

ड)स्वास्थ्य क्षेत्रमा संचालित अभियान कार्यक्रममा सक्रिय रुपले सहभागी हुनेछु।

ढ) कुनै पनि तलबी कार्यमा वा राजनैतिक पदमा नियुक्ति भएमा महिला स्वास्थ्य स्वयंसेविकाको उत्तरदायित्वबाट अलग हुनेछु।

ण) जात, लिङ्ग, धर्म, भाषा, रङ्ग, उमेर, शारीरिक असक्षमता, विचारधारा तथा अन्य कुराहरुले मेरो कार्यमा बाधा पर्ने छैन भनी विश्वास दिलाउनेछु।

त) आधिकारिक कार्यक्रमहरु हुँदा आफ्नो आस्था, राजनैतिक विश्वासबारे प्रचारप्रसार गर्ने छैन।

माथि उल्लखित आचारसंहिता पूर्ण रुपमा पालना गर्नेछु।

..........................  ................................

स्वास्थ्य व्यवस्थापन समिति अध्यक्ष  महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका

मितिः ..............................

**प्रमाणीकरण मिति : २०८२/०९/१८**

**<u>आज्ञाले,</u>**
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका